# बरियारपट्टी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन सम्बन्धी ऐन-२०७६

**भाग-१**
**खण्ड-१, संख्या-१**

| |
|---|
| गाउँ सभा बाट पारित मिति : २०७६।०३।३१ |
| प्रमाणिकरण मिति : २०७६।०५।१५ |

## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बरियारपट्टी, सिरहा
**प्रदेश नं. २ (नेपाल)**

# बरियारपट्टी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७६

**प्रस्तावना** : गाउँपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बरियारपट्टी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस को नाम "बरियारपट्टी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

**(ख)** "**उपाध्यक्ष**" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

**(ग)** "**गाउँपालिका**" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनुपर्छ।

(घ) “**कार्यपालिका**” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(ङ) “**गाउँ सभा**” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनुपर्छ।

(च) “**पूर्वाधार**” भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनुपर्छ।

(छ) “**जलश्रोत**” भन्नाले गाउँपालिकाको क्षेत्र भित्रका भू–सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ज) “**तोकिएको वा तोकिए बमोजिम**” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) “**उपभोक्ता संस्था**” भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्छ।

(ञ) “**अमानत**” भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधैं सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

## परिच्छेद–२
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको वर्गिकरण र न्यूनतम मापदण्डः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गिकरण गरी न्यूनतम मापदण्ड तोक्ने र बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

(२) गाउँपालिका स्तरका सडकहरुको वर्गिकरण र न्यूनतम चौडाई देहाय देहाय अनुसार हुनेछ।

(क) **पालिका (स्थानीय) सडक**: गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका तथा स्थानीय सडकको रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाई नयूनतम छ मिटर हुनु पर्नेछ । साथै भारतको सिमानादेखि महेन्द्र राजमार्ग जोड्ने सडकको चौडाई १५ मिटरसम्म हुनुपर्नेछ।

(ख) **ग्रामीण सडक**: गाउँपालिकाका वस्तीहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गीकरण गरिनेछ। यस्ता सडकहरु चारदेखि पाँच मिटरसम्म चौडा हुनेछन्।

(ग) **कृषि सडक**: गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन्। यस प्रकारका सडकको न्यूनतम चौडाई ४ मिटरको हुनेछ।

(घ) **घोडेटो मूल बाटो**: मानिस र पशु चौपाया मात्र हिँड्ने १ भन्दा बढी गाउँबस्ती जोड्ने बाटोलाई घोडेटो मूल बाटोको रुपमा वर्गीकरण गरिनेछ। यसको न्यूनतम चौडाई २ मिटरको हुनेछ।

(ङ) **गोरेटो बाटो**: मानिस र चौपाया हिँड्ने वस्तीबाट घोडेटो मूलबाटो वा बस्ती सडक सम्म जोडिने अधिकतम १ कि.मि. लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ। यसको चौडाई न्यूनतम ३ फिटको हुनेछ।

३. प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुनेगरी निर्माण गर्नुपर्दछ।

४. **मापदण्ड निर्धारण गर्ने** : (१) गाउँ कार्यपालिकाले समय समयमा आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले बहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**: (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनुपर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँचबुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।

६. **सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने** : (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको राखेको वा

फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ।

## परिच्छेद-३
## जलश्रोत संरक्षण र उपयोग

७. **जलश्रोतको स्वामित्वः** (१) यस गाउँपालिका क्षेत्रभर रहेको जलश्रोतको स्वामित्व नेपाल सरकारको रहनेछ।

(२) उपदफा (१) बमोजिम स्वामित्व रहेको जलश्रोतको संरक्षण र उपयोग सम्बन्धी कार्यहरु गाउँपालिकाले यसै ऐन बमोजिम गर्नेछ।

८. **जलश्रोत उपयोग** : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्ने।

(ख) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न।

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन।

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि ढुङ्गाको प्रयोग गर्न।

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न।

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्ने छ।

९. **जलश्रोत उपभोगको प्राथमिकता**ः (१) जलश्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ८ को उपदफा (३) बमोजिम जलश्रोतको लाभदायक उपयोग भए नभएको र अन्य

आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) उफदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. **अनुमति लिनुपर्ने** : (१) यस ऐन बमोजिम गठित स्थानीय जलश्रोत समितिबाट अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन।

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा माइक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ।

(३) सो सम्बन्धी प्रयोजनको लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत् र व्यवसायिक उपयोगका लागि दर्ताबाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन।

**११. खानेपानी, सिंचाइ जस्ता जलश्रोतको सामुदायक लाभ व्यवस्थापन** : (१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानीघट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत् अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्नेछ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपभोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिनाभित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ।

**१२. जल उपभोक्ता संस्थाको गठन** : (१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि ११ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हनुपर्दछ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलश्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भइसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएका निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ। अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरबाट नयाँ कार्य समितिको चयन गर्नुपर्नेछ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुनेछ। यस संस्थाले बार्षिक लेखा परीक्षण र तिर्नुपर्ने कर फछ्र्यौट गर्नुपर्नेछ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानूनले तोके बमोजिमको जलश्रोत उपभोग कर तिर्नुपर्नेछ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्बन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ।

**१३. जलश्रोतको व्यवसायिक उपभोगका लागि अनुमति लिनुपर्ने** : (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेघावाटसम्मको जलविद्युत आयोजना लगायतका

जलश्रोतको व्यवसायिक उपयोगका लागि सोको उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले जलश्रोत समितिको सिफारिसमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ।

(२) उपदफा १ बमोजिम एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनुपर्दछ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य मुख्य संरचना समेत देखिने)

(ग) पानीको श्रोत र उपयोग हुने पानीको परिमाण

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन, प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलश्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले ३० दिनभित्र जलश्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलश्रोतको उपयोग गरिरहेको प्रोपराइटर वा संस्थाले पनि तोकिएको

विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमतिपत्रको लागि आवेदन दिनुपर्नेछ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग वापत् स्थानीय र प्रदेश सरकारलाई कानून बमोजिमको दस्तुर वा बार्षिक शुल्क बुझाउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारको कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनुपर्नेछ।

**१४. स्थानीय जलश्रोत समितिको गठन** : (१) गाउँपालिकामा रहेको, जलश्रोतको उपयोगको लागि ऐनको दफा १० को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा एक स्थानीय जलश्रोत समिति रहनेछ।

(२) स्थानीय जलश्रोत समितिका देहायका अध्यक्ष र सदस्यहरु रहनेछन :–

(क) गाउँपालिकाको अध्यक्ष –**अध्यक्ष**

(ख) गाउँपालिकाको उपाध्यक्ष –**सदस्य**

(ग) संयोजक भई गाउँपालिकाको पूर्वाधार क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य –**सदस्य**

(घ) प्रमुख प्रशासकीय अधिकृत –**सदस्य**

(ङ) कृषि विकास शाखा प्रमुख –**सदस्य**

(च) खानेपानी तथा सिंचाई शाखा प्रमुख –**सदस्य**

(छ) पूर्वाधार शाखा प्रमुख –**सदस्य**

(३) समितिले आवश्यक अनुसार जिल्ला नापी कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमानामा पर्ने

पानीका मुहानहरुको क्षेत्राधिकारमा विवाद भएमा आपसी समभ्रुदारीमा वा प्रचलित कानून बमोजिम विवाद समाधान हुनेछ।

**१५. स्थानीय जलश्रोत समितिको बैठक सम्बन्धी कार्यविधि:**

(१) स्थानीय जलश्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ।

(२) बैठकको अध्यक्षता जलश्रोत समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा जलश्रोत समितिको सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(३) स्थानीय जलश्रोत समितिको कूल सदस्य संख्याको ५० प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) स्थानीय जलश्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई स्थानीय जलस्रोत समितिको निर्णय मानिनेछ।

(५) स्थानीय जलश्रोत समितिको निर्णय स्थानीय जलश्रोत समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) स्थानीय जलश्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि स्थानीय जलश्रोतका समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१६. स्थानीय जलश्रोत समितिको संयुक्त बैठक** : (१) जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दाबढी स्थानीय तहहरुसँग सम्बन्धित भएमा सम्बन्धित सबै स्थानीय तहको जलश्रोत समितिहरुको संयुक्त बैठकले यो

नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ।

(२) उपनियम (१) बमोजिमको संयुक्त स्थानीय जलश्रोत समितिको बैठकको अध्यक्षता सम्बन्धित जलश्रोत सम्बन्धी परियोजनाको संरचना वा त्यसको मुख्य भाग जुन स्थानीय तहको जलश्रोत समितिको कार्यक्षेत्रभित्र पर्छ सोही स्थानीय जलश्रोत समितिको अध्यक्षले गर्नेछ।

१७. **स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोत्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एकभन्दा बढि खानेपानी आयोजनाहरुमार्फत् ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन्।

(३) यस प्रयोजनको लागि एकभन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवदेन पेश गर्नुपर्नेछ। यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नुपर्दछ।

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा

मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालिन योजना,

(च) बोर्ड आफैंले वा अन्य व्यक्ति र संस्थामार्फत् सेवा सञ्चालन गराउने हो सो सम्बन्धीव्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पत्ति तथा दायित्व,

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर, जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारबाला स्वशासित संगठित संस्था हुनेछ। बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ।

**१८. खानेपानी तथा सिंचाईको शुल्क निर्धारणः** (१) खानेपानीको महसुल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएका महसुल निर्धारण समिति गठन गर्नेछ :–

(क) गाउँपालिकाको प्रमुख –**अध्यक्ष**

(ख) स्थानीय जन उपभोक्ता संस्थाहरुको प्रतिनिधि **-सदस्य**

(ग) गाउँपालिकाको लेखा प्रमुख **-सदस्य-सचिव**

**१९. दण्ड सजाय** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले ५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत गराई दिन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालन नगरी जलश्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले ५ हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) कसैले बदनियत साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानी बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना वा प्रचलित कानून बमोजिमको सजाय हुन सक्नेछ।

**२०. पुनरावेदन** : यस ऐन बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

**२१. नियम बनाउने अधिकार** : यस ऐनको परिच्छेद-३ लाई

कार्यान्वयन गर्नको लागि बेग्लै नियम, निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न गाउँ कार्यपालिकालाई अधिकार रहनेछ।

## परिच्छेद-४
## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**२२. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने** : (१) गाउँपालिका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तल्ला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ।

**२३. भवनको दर्ता** : (१) गाउँपालिकाभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

**२४. भवनको डिजाईन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था**:

(१) गाउँपालिका क्षेत्रभित्र पक्की भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकार निकायले भवन निर्माण गर्ने प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५०

वर्गमिटरसम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेट व्याक छोड्नु पर्दछ।

२५. **बस्ती विकासको लागि अनुमति दिने**: (१) गाउँपालिकाभित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ।

## परिच्छेद-५
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२६. **पूर्वाधार आयोजना तर्जुमा** : (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट पारित गर्नुपर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरु उल्लेख गरी आयोजनाको विवरण तयार गर्नुपर्नेछ।

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**२७. लागत अनुमान तयार गर्नुपर्नेः** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नुपर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागि अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

**२८. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थान :** (१) गाउँपालिकाभित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने अनुसूचि–१ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित कानून बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ।

**२९. उपभोक्ता समितिमार्फत् गर्न सकिने :** (१) रु.१ करोडसम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत् गर्न सकिनेछ।

(२) उपभोक्ता समितिका गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जनासम्मको समिति गठन गरिनेछ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुनेछ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिनेछ।

(४) यस्तो समितिमार्फत् गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १० नगद लागत सहभागिता वा श्रमदान गर्नुपर्नेछ।

(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्नेछ।

(६) उपभोक्ता समिति परिचालन सम्बन्धी व्यवस्था कार्यविधि बनाई तोक्न सकिनेछ।

३०. **पूर्वाधार मर्मत सम्भार कोष** : (१) गाउँपालिकाभित्र रहेका गाउँ स्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरुको नियमत तथा आवश्यकता अनुसारको मर्मत सम्भार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचनाहरु सडक, खानेपानी, सिंचाई आदिबाट प्राप्त रोयल्टी रकमको ३० देखि ५० प्रतिशत रकम दाखिला गरिनेछ।

(३) पूर्वाधार मर्मत सम्भार कोषको परिचालन सम्बन्धी कार्यविधिले तोके बमोजिम हुनेछ।

## परिच्छेद–६
## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

३१. **पूर्वाधार अनुगमन समितिको गठन** : (१) गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाखभन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु मध्येबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) गाउँपालिका उपाध्यक्ष **–अध्यक्ष**

(ख) पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष **–सदस्य**

(ग) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका विज्ञहरुमध्ये एक महिला सहित २ जना **–सदस्य**

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख **–सदस्य सचिव**

३२. **समितिको बैठक र निर्णय**: (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३३. **अनुगमन पश्चात् निर्देशन दिन सक्ने**: (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट

सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ।

**३४. सहमति दिनुपर्ने** : गाउँपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात् निर्माण व्यवसायीलाई अन्तिम किस्ता भुक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ।

**३५. कारबाहीको सिफारिस गर्न सक्ने** : गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिकाभित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

**३६. कालो सूचीमा राख्ने**: (१)देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछ।

(क) कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिनासम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा,

(च) अन्य यस्तै कुनै कसुर गरेमा,

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसुरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधि तोक्ने सकिनेछ।

३७. **प्राविधिक मूल्यांकन गर्नुपर्नेः** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद–७
## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

३८. **सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाईसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी

लगानीकर्तासँग साभेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी साभेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्भौता गर्न सक्नेछ।

**(क) सञ्चालन तथा व्यवस्थापन :** अधिकृत **५** वर्षका लागि

**(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण :** ७ देखि १५ वर्षका लागि

**(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण :** १५ देखि २० वर्षका लागि

**(घ) निज वा कन्सेसन :** सम्भौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष।

**३९. प्रस्ताव आव्हान गर्न सक्ने** : (१) गाउँपालिकाले पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साभेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नुपर्दछ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नुपर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तीय श्रोत

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु

(च) परियोजनाको नक्सा तथा ड्र्इङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधि

४०. **प्रस्ताव छनौट र सम्झौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्याकन गराई प्रस्ताव छनोट गर्न सक्नेछ।

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावसँग गाउँपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

४१. **सञ्चालन तथा व्यवस्थापन** : (१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ। सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ।

## परिच्छेद-९
## वातावरण, भू-संरक्षण तथा वैकल्पिक उर्जा

**४२. वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले १ करोडदेखि १० करोडसम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोडभन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिका लागि सोको प्रतिलिपी गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सुझाव माग गर्नुपर्नेछ।

**४३. वैकल्पिक ऊर्जालाई प्रोत्साहन** : पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्नेछ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत् गाउँपालिकामा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइनेछैन।

(२) घरेलु शौचालयलाई वायेग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टि टैंक बनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा ........ प्रतिशतसम्म छुट दिन सक्नेछ।

**४४. भूक्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्नेः** (१) गाउँपालिकाभित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा बाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने खालको हुनु हुँदैन।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र सोको उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धित संधियारलाई प्राथमिकता दिनु पर्नेछ।

**४५. फोहरमैला तथा फोहरपानी व्यवस्थापनः** (१) गाउँपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्नेछ।

(२) गाउँपालिकाभित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिकासँग समन्वय गर्न सक्नेछ।

## परिच्छेद-१०
## विविध

**४६ अन्तर स्थानीय समन्वय** : (१)एकभन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि सम्बन्धित गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ।

**४७. प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**४८. नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

**४९. बचाऊ** : यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

## बरियारपट्टी गाउँपालिका

# बरियारपट्टी राजपत्र

खण्ड :- १ संख्या :-१ मिति: २०७६/०५/१५

### विषय-सूची

| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | बरियारपट्टी गाउँपालिकाको पूर्वाधर विकास व्यवस्थापन ऐन, २०७६ | १ |